श्री ५ को सरकार

## रक्षा मन्त्रालयको सूचना

### शाही सैनिक, नियुक्ती, प्रमोशन र अरू विवध व्यवस्था साधारण (पन्ध्रौं संशोधन) नियमहरू, २०५६

शाही सैनिक नियुक्ति प्रमोशन र विविध व्यवस्था साधारण नियमहरू, २०२० लाई संशोधन गर्न वान्छनीय भएकोले,

सैनिक ऐन, २०१६ को दफा ११ र १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "शाही सैनिक नियुक्ति प्रमोशन र अरू विविध व्यवस्था साधारण (पन्ध्रौं संशोधन) नियमहरू, २०५६" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. शाही सैनिक नियुक्ति प्रमोशन र अरू विविध व्यवस्था साधारण नियमहरू, २०२० को नियम १८ मा संशोधन : शाही सैनिक नियुक्ति, प्रमोशन र अरू विविध व्यवस्था साधारण नियमहरू २०२० को नियम १८ को तेस्रो हरफमा रहेको "रथी र उपरथी – ५ वर्षको एक अवधि" भन्ने शब्दहरूको सट्टा "रथी – २वर्षको एक अवधि । उपरथी – ५ वर्षको एक अवधि" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
युवराज शर्मा
श्री ५ को सरकारको निमित्त सचिव

श्री ५ को सरकार

## स्वास्थ्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले भेरी अञ्चल अस्पताल विकास समिति (गठन) आदेश, २०४१ को दफा ३ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी सोही आदेशको दफा ३ को उपदफा (२) को खण्ड (क) बमोजिमको पदमा डा. श्री केशवराज शर्मा तथा खण्ड (ङ) बमोजिमको पदमा श्री गोपीचन्द्र वर्णवाल र श्री विजयमान पतिलाई मनोनयन गरेको छ ।

आज्ञाले,
डा. दुर्गाप्रसाद मानन्धर
श्री ५ को सरकारको निमित्त सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३०५८

# भाग ४

## श्री ५ को सरकार
## कानून तथा न्याय मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारको मिति २०५६ साल कात्तिक १२ को निर्णयानुसार नेपाल न्याय सेवा, कानून समूहका रा.प. द्वितीय श्रेणीका देहायका अधिकृतहरूलाई मिति २०५६ साल भदौ १२ देखि बढुवा मिति कायम हुने गरी सोही सेवा समूहको राजपत्राङ्कित प्रथम श्रेणीको पदमा बढुवा गरी देहायबमोजिमको पद र कार्यालयमा पदस्थापन गरिएको छ ।

| क्र.सं. | नाम, हालको पद र कार्यालय | बढुवा पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|
| १. | श्री भेषराज शर्मा<br>उप सचिव,<br>कानून तथा न्याय मन्त्रालय । | सह-सचिव,<br>कानून तथा न्याय मन्त्रालय । |
| २. | श्री बाबुराम रेग्मी<br>उप सचिव,<br>कानून तथा न्याय मन्त्रालय । | सह-सचिव,<br>कानून तथा न्याय मन्त्रालय । |
| ३. | श्री राजेन्द्रकिशोर क्षेत्री<br>कानून अधिकृत,<br>जलस्रोत मन्त्रालय । | सह-सचिव,<br>(कानूनी सल्लाहकार)<br>संसद सचिवालय । |

### सूचना २

श्री ५ को सरकारको मिति २०५६ साल कात्तिक १२ को निर्णयानुसार नेपाल न्याय सेवा, न्याय समूहका रा.प. द्वितीय श्रेणीका देहायका अधिकृतहरूलाई मिति २०५६ साल भदौ १२ देखि बढुवा मिति कायम हुने गरी सोही सेवा समूहको राजपत्रांकित प्रथम श्रेणीको पदमा बढुवा गरी देहाय बमोजिमको पद र कार्यालयमा पदस्थापन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क.सं. | नाम, हालको पद र कार्यालय | बढुवा पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|
| १. | श्री डिल्लीराज आचार्य<br>उप रजिष्ट्रार,<br>पुनरावेदन अदालत, बुटवल । | रजिष्ट्रार,<br>पुनरावेदन अदालत, बाग्लुङ्ग । |
| २. | श्री जीवनहरि अधिकारी<br>उप रजिष्ट्रार,<br>पुनरावेदन अदालत, इलाम । | रजिष्ट्रार,<br>पुनरावेदन अदालत, धनकुटा । |
| ३. | श्री दुर्गाप्रसाद पराजुली<br>उप रजिष्ट्रार,<br>पुनरावेदन अदालत, बिराटनगर । | रजिष्ट्रार,<br>पुनरावेदन अदालत, दिपायल । |

## सूचना ३

श्री ५ को सरकारको मिति २०५६ साल कात्तिक १२ को निर्णयानुसार नेपाल न्याय सेवा, सरकारी वकील समूहका रा.प. द्वितीय श्रेणीका देहायका अधिकृतहरूलाई मिति २०५६ साल भदौ १२ देखि बढुवा मिति कायम हुने गरी सोही सेवा समूहको राजपत्रांकित प्रथम श्रेणीको पदमा बढुवा गरी देहायबमोजिमको पद र कार्यालयमा पदस्थापन गरिएको छ ।

| क.सं. | नाम, हालको पद र कार्यालय | बढुवा पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|
| १. | श्री ऋषिराम नेपाल<br>उप न्यायाधिवक्ता, पु.स.व.का.<br>नेपालगन्ज । | सह न्यायाधिवक्ता,<br>पु.स.व.का. महेन्द्रनगर । |
| २. | श्री रमेशकुमार पोखरेल<br>उप न्यायाधिवक्ता,<br>पु.स.व.का. राजविराज । | सह न्यायाधिवक्ता,<br>पु.स.व.का. विराटनगर । |
| ३. | श्री सरोजप्रसाद गौतम<br>उप न्यायाधिवक्ता,<br>महान्यायाधिवक्ताको कार्यालय । | सह न्यायाधिवक्ता,<br>पु.स.व.का. नेपालगन्ज । |
| ४. | श्री लेखनाथ ढकाल<br>उप न्यायाधिवक्ता,<br>महान्यायाधिवक्ताको कार्यालय । | सह न्यायाधिवक्ता,<br>पु.स.व.का. बाग्लुङ्ग । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

श्री ५ को सरकारको मिति २०५६ साल कात्तिक १२ को निर्णयानुसार नेपाल न्याय सेवा, न्याय समूह रा.प. प्रथम श्रेणीका देहायबमोजिमका अधिकृतहरूलाई सोही सेवा समूहको देहायबमोजिमको पद र कार्यालयमा निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (२) बमोजिमको न्यूनतम अवधिको लागि सरुवा गरिएको छ।

| क्र.सं. | नाम, हालको पद र कार्यालय | सरुवा भएको पद र कार्यालय |
|---|---|---|
| १. | श्री शंकरकुमार श्रेष्ठ, रजिष्ट्रार पुनरावेदन अदालत सुर्खेत । | रजिष्ट्रार, पुनरावेदन अदालत जनकपुर । |
| २. | श्री रामकृष्ण तिमिल्सिना, रजिष्ट्रार, पुनरावेदन अदालत दिपायल । | रजिष्ट्रार, पुनरावेदन अदालत नेपालगञ्ज । |
| ३. | श्री राजेन्द्र प्रकाश शर्मा, रजिष्ट्रार, पुनरावेदन अदालत तुलसीपुर । | रजिष्ट्रार, पुनरावेदन अदालत सुर्खेत । |
| ४. | श्री पदमलाल चौधरी, रजिष्ट्रार, पुनरावेदन अदालत धनकुटा । | रजिष्ट्रार, पुनरावेदन अदालत तुलसीपुर । |
| ५. | श्री विनोद शर्मा रजिष्ट्रार, पुनरावेदन अदालत बागलुङ । | रजिष्ट्रार, पुनरावेदन अदालत राजबिराज । |

## सूचना ५

श्री ५ को सरकारको मिति २०५६ साल कात्तिक १२ को निर्णयानुसार नेपाल न्याय सेवा, कानून समूह रा. प. प्रथम श्रेणीका देहायबमोजिमका अधिकृतलाई सोही सेवा समूहको देहाय बमोजिमको पद र कार्यालयमा निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (२) बमोजिमको न्यूनतम अवधिको लागि सरुवा गरिएको छ।

| क्र.सं. | नाम, हालको पद र कार्यालय | सरुवा भएको पद र कार्यालय |
|---|---|---|
| १. | श्री माधवप्रसाद पौडेल, सह सचिव, कानून तथा न्याय मन्त्रालय । | तालीम प्रमुख, न्याय सेवा तालीम केन्द्र । |



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।